# संविधानसभा
## नागरिक सम्बन्ध तथा संविधान सुझाव समिति
## सम्पादित कार्य

सभापति मा. श्री प्रमिला राणा

**समितिको बैठकसम्बन्धी विवरण:-**

| बैठक संख्या | मिति | विषय | सम्पादित कार्यको विवरण |
|---|---|---|---|
| १ | २०७०/१२/३० | समितिको कार्यक्षेत्र | – देशभित्र र देश बहिर रहेका नेपाली नागरिकहरुबाट संविधानको मस्यौदामा सुझाव संकलन गर्ने सम्बन्धमा प्रारम्भिक छलफल । |
| २ | २०७१/१/५ | सर्वसम्मतीका आधारमा सभापतिको चयन | – सर्वसम्मतिका आधारमा सभापतिको चयन हुन नसकेको व्यहोरा संविधान सभाका अध्यक्षलाई जानकारी दिने प्रस्ताव पारित । |
| ३ | २०७१/१/१२ | सभापतिको निर्वाचन | – मा.श्री प्रमिला राणा समितिको सभापतिमा निर्विरोध निर्वाचित । |
| ४ | २०७१/१/१७ | उपसमिति गठन | – समितिको आन्तरिक कार्यविधि र कार्ययोजना मस्यौदा उपसमिति गठन । |
| ५ | २०७१/२/५ | विज्ञसंग अनुभव आदान प्रदान र समितिको आन्तरिक कार्यविधि | – गत संविधानसभा नागरिक सम्बन्ध समितिका सभापति मिना पाण्डे र समिति सचिव धन बहादुर श्रेष्ठबाट जनताको सुझाव संकलन सम्बन्धी अनुभव प्रस्तुत ।<br>– उपसमितिको संयोजकज्यूबाट समितिको आन्तरिक कार्यविधि प्रस्तुत । |
| ६ | २०७१/२/९ | आन्तरिक कार्यविधि | – समितिको आन्तरिक कार्यविधि, २०७१ पारित । |
| ७ | २०७१/३/६ | समितिको प्रस्तावित प्रारम्भिक कार्यतालिका | – समितिको प्रस्तावित प्रारम्भिक कार्यतालिका माथि छलफल । |
| ८ | २०७१/३/९ | समितिको प्रस्तावित प्रारम्भिक कार्यतालिका | – समितिको प्रस्तावित प्रारम्भिक कार्यतालिका माथि छलफल ।<br>– छलफलमा समितिका २५ जना माननीय सदस्यज्यूहरुले भाग लिंदै मुख्य गरी केन्द्र र जिल्लामा संविधान सुझाव संकलन सम्बन्धमा संयन्त्र निर्माण, संविधानको मस्यौदाको विभिन्न सञ्चार माध्यमबाट प्रचारप्रसार गर्ने सम्बन्धमा, दुर्गम, सुगम र तराई जिल्लाका |

| बैठक संख्या | मिति | विषय | सम्पादित कार्यको विवरण |
|---|---|---|---|
| | | | आधारमा सुझाव संकलनको योजना निर्माण, सुझाव संकलन गर्दा सबै तह, क्षेत्र र वर्गका नागरिकहरुले आ-आफ्नो विचार दिन सक्ने कुरा प्रत्याभूति गर्न, संविधानको मस्यौदा जिल्ला, निर्वाचन क्षेत्र, गा.वि.स.सम्म पुऱ्याउने, विदेशमा रहनु भएका नेपाली नागरिकबाट सुझाव संकलन गर्ने लगायतका विषयमा आ-आफ्नो धारणा राख्नु भयो । |

# संविधानसभा
## नागरिक सम्बन्ध तथा संविधान सुझाव समिति
## आन्तरिक कार्यविधि र कार्ययोजना मस्यौदा उपसमिति
## सम्पादित कार्य

संयोजक मा. श्री प्रभादेवी ब्रजाचार्य

### उपसमितिको बैठक सम्बन्धी विवरण :-

| बैठक संख्या | मिति | विषय | सम्पादित कार्यको विवरण |
|---|---|---|---|
| १ | २०७१/१/२२ | समितिको अन्तरिक कार्यविधि र कार्ययोजना | – समितिको आन्तरिक कार्यविधि र कार्ययोजनाका सम्बन्धमा प्रारम्भिक छलफल । |
| २ | २०७१/१/२५ | उपसमितिको संयोजक चयन | – सर्वसम्मतिका आधारमा माननीय श्री प्रभादेवी बज्राचार्य उपसमितिको संयोजक चयन । |
| ३ | २०७१/२/२ | प्रस्तावित आन्तरिक कार्यविधि | – समितिको प्रस्तावित आन्तरिक कार्यविधि, २०७१ को मस्यौदा उपसमितिबाट सर्वसम्मतिले पारित । |
| ४ | २०७१/२/१९ | समितिको प्रस्तावित कार्ययोजनाको पूर्व तयारी | – गत संविधानसभा, जनमत संकलन सम्बन्ध तथा संविधान सुझाव समितिका समिति सचिव श्री जय नारायण नेपालज्यूबाट जनताको सुझाव संकलन सम्बन्धी अनुभव प्रस्तुत ।<br>– समितिको प्रस्तावित कार्ययोजनाको पूर्व तयारी सम्बन्धमा विज्ञ, विशेषज्ञ, सञ्चारकर्मी लगायत विभिन्न सरोकारवालाहरुसंग छलफलको निरन्तरता । |
| ५ | २०७१/२/२६ | विदेशमा वसोवास गर्ने नेपाली नागरिकको राय सुझाव संकलन | – विदेशमा रहेका नेपाली नागरिकहरुको राय सुझाव संकलन गर्ने सम्बन्धमा श्रम तथा रोजगार मन्त्रालयका सह सचिव श्री सूर्य प्रसाद श्रेष्ठ र उपसचिव बुद्धिनाथ भट्टराईबाट श्रम सहचारीहरुसंग समन्वय गर्ने विषयमा धारणा एवं सुझाव प्रस्तुत ।<br>– सुझाव संकलनका लागि विदेशस्थित नेपाली कुटनीतिक नियोगसंग समन्वय गर्ने सम्बन्धमा परराष्ट्र मन्त्रालयका सहायक प्रवक्ता उपसचिव श्री विष्णु प्रसाद गौतमबाट आफ्नो धारणा एवं सुझाव प्रस्तुत । |
| ६ | २०७१/३/२ | समितिको प्रस्तावित कार्ययोजना र कार्यतालिका | – समितिको प्रस्तावित प्रारम्भिक कार्ययोजना र कार्यतालिकामाथि बुँदागत छलफल एवं उपसमितिका माननीय सदस्यहरुबाट आ-आफ्ना धारणा र सुझावहरु प्रस्तुत । |
| ७ | २०७१/३/१३ | समितिको प्रस्तावित कार्यतालिका सम्बन्धमा । | – समितिका माननीय सदस्यहरुबाट प्राप्त सुझावहरुका आधारमा प्रस्तावित कार्यतालिका परिमार्जन गर्ने । |

| बैठक संख्या | मिति | विषय | सम्पादित कार्यको विवरण |
| --- | --- | --- | --- |
| ८ | २०७१/३/१८ | जनताको राय सुझाव संकलनको तयारीको सम्बन्धमा । | – संविधानको मस्यौदामाथि नेपाली नागरिकहरुको राय सुझाव संकलन गर्ने सम्बन्धमा गृह मन्त्रालयका सचिव श्री सूर्य प्रसाद सिलवालबाट जिल्लास्थित प्रमुख जिल्ला अधिकारीसंग समन्वय गर्ने विषयमा धारणा एवं सुझाव प्रस्तुत ।<br>– संविधानको मस्यौदामाथि नेपाली नागरिकहरुको राय सुझाव संकलन गर्ने सम्बन्धमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव श्री शान्त बहादुर श्रेष्ठबाट जिल्लास्थित स्थानीय विकास अधिकारीसंग समन्वय गर्ने विषयमा धारणा एवं सुझाव प्रस्तुत । |